# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालयीय शिक्षालाई प्रभावकारी एवं गुणस्तरीय बनाउन शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षकमा रहेको योग्यता एवं क्षमतालाई समय सापेक्ष रुपमा नवीकरण, सबलीकरण एवं अध्यावधिकरण गर्दै कक्षा कोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार  ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्त हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरु आफैले आफ्नो आत्म मूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञान, सीपमा पहुँच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन संस्कृति विकास गरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विधिहरु मार्फत निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वव्यापी रुपमा चलि आएको छ ।

नेपालमा शिक्षक विकासको अभियान धेरै लामो नभए पनि विगत ३८ बर्षदेखि योजनाबद्ध समय सापेक्ष र निरन्तर रुपमा अगाडि बढदै आएको पाइन्छ । यस दौरान शिक्षकको दीर्घकालीन पेसागत योग्यतामूखी कार्यक्रमदेखि कक्षाकोठाको शिक्षण कार्य सम्पादनमा देखिएका तत्कालीन र आवश्यकतामा आधारित समस्या समाधानमूखि कार्य सम्पादनमा सुधार तालिम सम्मको शिक्षक विकास मोडेल अभ्यास गरिएको छ ।

वि.सं. २०२८ सालबाट प्रारम्भ भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाद्वारा नेपालमा प्रथम पटक शिक्षण पेसाका लागि प्राज्ञिक योग्यता र पेसागत योग्यता निर्धारण गरी यी दुवै प्रकारका योग्यता प्राप्त व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अबलम्बन गरियो । यस अन्तर्गत विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यताका साथै १० महिने वा १ बर्षे पेसागत योग्यता अनिवार्य गरियो । तत्कालिन नीतिका बावजुद विभिन्न  कारणले यस्ता दुवै योग्यता प्राप्त गर्ने उम्मेदवारलाई मात्र पूर्णरुपले शिक्षणमा भर्ना गर्न  सकिएन र पेसागत योग्यता बिहीन सेवारत शिक्षकलाई अवकास दिन  पनि सकिएन । यस्तो अवस्थाको निरन्तरता स्वरुप मुलतः सन् १९८० देखि मुख्य रुपमा सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा

परियोजना, रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना लगायतका कार्यक्रम अन्तर्गत १० दिन देखि २.५ महिने सम्मका शिक्षक तालिम संचालन गरियो । तत्कालिन अवस्थामा अधिकांश सेवारत शिक्षकहरु पेसागत योग्यता बिहिन रेहकाले आधारभूत शिक्षण सीप प्रदान गरी शिक्षण सिकाई कार्यक्रमको न्यूनतम गुणस्तर कायम गर्ने उद्देश्यले उल्लेखित तालिम संचालन गरियो ।

सन् १९९२ देखि प्रारम्भ भएको प्राथमिक शिक्षा विकास परियोजना द्वारा प्राथमिक तहका लागि र माध्यमिक शिक्षा विकास कार्यक्रमबाट माध्यमिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृति गरी यसको विस्तारित रुपमा संचालनका लागि नीतिगत, भौतिक, संस्थागत, पाठयक्रम सामग्री एवं कार्यक्रमगत पूर्वाधार निर्माण गरियो । त्यसै गरी सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) द्वारा सन २००९ सम्ममा ९९% प्राथमिक शिक्षकहरु तालिम प्राप्त तुल्याई सक्ने लक्ष्य निर्धारण गरे बमोजिम र तालिम नीति २००५ द्वारा विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई १० महिने तालिम प्राप्त तुल्याई सक्ने नीति जारी गरियो । शिक्षक शिक्षण आयोजना (२००२-२००९) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००९) अन्तर्गत देश भरी विस्तारित रुपमा तालिम संचालन गर्न Extensive Training Network स्थापना गरी तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरुको Backlog Clearance गर्ने राष्ट्रिय अभियान कार्यान्वयन गरियो । परिमाण स्वरुप आश्विन २०६६ भित्र स्वीकृत दरबन्दीमा कार्यरत सबै सेवाकालीन शिक्षकहरु (९८.२%) लाई १० महिने पेसागत योग्यता हासिल गराइयो (शै.ज.वि.के. २०६७) ।

सेवाकालिन १० महिने तालिम पूरा गर्न बाँकी १.८% शिक्षकहरुका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले कर्यान्वयन निर्देशिका तयार गरी सम्पूर्ण प्रशिक्षक प्रशिक्षणका सहभागीहरुलाई त्यसको संघन अभिमूखिकरण गराई प्राथमिक तहका हकमा श्रोतकेन्द्रहरु र नि.मा.वि. ⁄ मा.वि. का हकमा शै.ता.के ⁄ अगुवा श्रोतकेन्द्रबाट दूर शिक्षा विधि प्रयोग गरी १० महिने सेवाकालिन शिक्षक तालिम संचालन व्यवस्था गरिने छ (शै.ज.वि.के. २०६७) ।

विगत ३८ बर्षसम्म शिक्षकको शिक्षणकार्य सम्पादन सुधार गर्न प्रत्यक्ष मद्दत पुऱ्याउने सेवाकालिन पेसागत विकास भन्दा पनि शिक्षकको पेसागत योग्यता पूरा गर्ने

उद्देश्यले दीर्घकालीन पेसागत योग्यतामूखि तालिम (१० महिने) कार्यान्वयन गर्नमा मात्र सम्पूर्ण श्रोत एवं प्रयास केन्द्रित रहयो । यस मेसोमा शिक्षक तालिम प्रभावकारिता अध्ययन (DOE, 2006), शिक्षक तालिम सम्बन्धी प्रभावकारिता अध्ययन (CERID, 2005) लगायत का अनुसन्धानहरुबाट सरकारद्वारा तालिम/पेसागत योग्यता प्राप्त शिक्षक संख्या बढोन्तरी द्रुत गतिमा बृद्धि गराउन सफल भएपनि तालिम प्राप्त शिक्षकहरुबाट तालिममा सिकेका सीप/समग्र क्षमता ५०% को दरले मात्र कक्षाकोठामा प्रयोग भएको निष्कर्ष निकाले । यी अध्ययनहरुका साथै सेरिडद्वारा सालबसाली रुपमा संचालन गरिएका फर्मेटिभ अनुसन्धानहरु समेतले शिक्षकहरुमा निहित ज्ञान एवं सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धी स्तर बढाउन थप Follow up Support र निरन्तर शिक्षक पेसागत विकास गतिविधि संचालन गर्नु पर्ने आवश्यकता औल्याएका छन । समग्रमा भावी दिनमा संचालन गर्ने यस्ता पेसागत गतिविधिहरु निरन्तर समस्या समाधानमूखी, विविधतायुक्त, स्थानीय एवं शिक्षकको पेसागत आवश्यकतामा आधारित हुनु पर्ने बिषयमा यी अनुसन्धानहरुले जोड दिएका छन्(शै.ज.वि.के. २०६७) ।

यसै सन्दर्भमा शिक्षा क्षेत्रको विकास र व्यवस्थपन अभियानलाई नतिजामूलक तुल्याउन सर्वपक्षिय र दीर्घकालीन सुधारको अवधारणा, नीति र कार्यक्रम स्वरुप विद्यालय क्षेत्र सुधार कार्यक्रम आर्थिक बर्ष २०६६/०६७ देखि सुरु भै आगामी सात बर्ष सम्म कार्यान्व्यनमा रहने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमद्वारा निर्दिष्ट नीति एवं कार्यक्रमको खाका बमोजिम शिक्षकहरुलाई आफनो कार्य सम्पादनमा सदा दक्ष, प्रतिबद्ध र जवाफदेही तुल्याउन समस्या समाधानमूखी, विविधतायुक्त पेसागत विकास गतिविधीमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षक पेसागत विकास कार्यक्रम संचालनमा ल्याइएको छ । यसमा प्रत्येक शिक्षकले पाँच बर्ष भित्र पटक पटक गरी जम्मा ३० दिने टि.पी.डी मोड्युलमा पहुँच पाउने गरी कार्यक्रम डिजाइन गरिएको छ ।

यसै प्रसङ्गमा दुई शैक्षिक बर्ष २०६६ र २०६७ मा दादरवैरिया स्रोतकेन्द्र मोरङ अन्तर्गतका सामुदायिक प्राथमिक विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुको पेसागत विकास कार्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था, यसले शिक्षकको पेसागत विकासमा पारेको

प्रभावका साथै कार्यान्वयनका क्रममा देखिएका समस्याहरु र समाधानका उपायहरुलाई समेटी प्रस्तुत शोध पत्र तयार गर्ने जमर्को गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्ष रुपले प्रभाव पार्ने प्रमुख पक्ष हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठयक्रमले तोकेका सिकाई उपलब्धिहरु विद्यार्थीहरुमा हासिल गराउनु शिक्षकको पेसागत कर्तव्य हुन आउँदछ । विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने, शिक्षण उपागम, विधि तरिकाहरुको प्रयोग गर्ने, विद्यार्थीहरुका सिकाई अनुभवलाई महत्व दिई अन्तरक्रिया, छलफल तथा अनुभव आदान प्रदानका माध्यमबाट ज्ञान निर्माणको अवसर दिने कार्य बालमनोविज्ञान र बालमैत्री शिक्षण प्रक्रिया हो । अभ्यासबाट विभिन्न सीप (जीवनोपयोगी तथा कार्यात्मक) हरुको विकास गर्ने, अवसर प्रदान गर्ने, बालमैत्री सिकाई वातावरणको सिर्जना गर्ने आदि कार्य शिक्षकको दायित्व भित्र पर्दछन । शिक्षक यी कुराहरुमा सक्षम हुनु अपरिहार्य छ ।

गुणात्मक शिक्षा दिनका लागि गुणात्मक साधन, श्रोत र दक्ष जनशक्ति अनिवार्य आवश्यकता हो । तसर्थ विद्यालयमा गुणात्मक शिक्षाको लागि योग्य, दक्ष एवं पेशाप्रति निष्ठावान तालिम प्राप्त शिक्षक हुनुपर्ने र स्वस्थ शैक्षिक वातावरणको अवस्था हुन पर्दछ । तर नेपालको शैक्षिक जगतमा यस्ता प्रकारका चिन्तनहरु गोष्ठी, सेमिनार तथा तालिममा मात्र सीमित भएको पाइन्छ । कार्यान्वयन पक्ष अत्यन्त फितलो हँदा कार्यक्रमले सफलतापूर्वक प्रभावकारी सेवा उपलब्ध गराउन नसकेको अवस्था छ ।

विद्यालयमा पर्याप्त मात्रामा शिक्षक दरबन्दी नहुनु, तालिम प्राप्त शिक्षकहरुबाट पनि उपलब्धिपूर्ण दक्षता देखाउन नसक्दा नेपालमा विद्यालय तहको शिक्षा व्यवहारिक हुनु भन्दा सैद्धान्तिक रुपमै रुमल्लिनु जस्ता कारक तत्वहरुले दुवै थरिका तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले अध्यापन गरेका विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा खासै भिन्नता रहेको छैन । तथापी पाठ्यक्रमले निर्धारण गरेका सिकाई उपलब्धी हासिल गराउन र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उच्च शैक्षिक योग्यता र तालिम प्राप्त शिक्षकहरुको निर्णायक भूमिका रहने गर्दछ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनले सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको कार्य क्षमतामा देखिएका समस्याहरु समाधानमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यसबाट तालिम प्याकेज निर्मातालाई सहयोग पुग्ने छ । यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई सहयोग पुग्ने छ । यस क्षेत्रका नीति निर्मातालाई सहयोग पुग्नुका साथै भविष्यका अध्यताहरुलाई समेत आधार प्रदान गर्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) शिक्षकको पेसागत विकास कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्नु ।

ख) शिक्षकको पेसागत विकास कार्यक्रमले पेसागत क्षमता अभिवृद्धिमा पारेको प्रभावको लेखाजोखा गर्नु ।

ग) शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयनका समस्या पहिचान गर्नु ।

घ) शिक्षकको पेसागत विकासलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्यनको लागि निम्न बमोजिम अनुसन्धानात्मक प्रश्नावलीलाई आधार मानिएको छ ।

क) सामुदायिक विद्यालयको वातावरण गुणस्तरीय शिक्षाका लागि उपयुक्त छ वा छैन ? छैन भने कसरी ?

ख) शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वनयको वर्तमान अवस्था कस्तो छ ?

ग) शिक्षकलाई आफ्नो पेसागत कार्य सम्पादनमा सदा दक्ष, प्रतबिद्ध र जवाफदेही साथै निरन्तर अध्ययनशील, सिर्जनशील बन्नका लागि शिक्षकको पेसागत विकास कार्यक्रमले कसरी सहयोग पुऱ्याएको छ ?

घ) शिक्षकको पेसागत विकास कार्यक्रमले उनीहरुको क्षमता विकासमा पारेका सकारात्मक कुराहरु के के हुन ?

ङ) शिक्षकको पेसागत कार्यसम्पादनमा देखा परेका समस्याहरु समाधानका उपायहरु के के हुन सक्छन ?

च) बालमैत्री सिकाई वातावरण सिर्जना गरी विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न विद्यालयमा के कस्ता समस्याहरु छन ? तिनीहरुको समाधान कसरी गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई समय सीमा, जनसंख्याको वितरण र आफ्नो सहजता आदिलाई मध्यनजर गरी मोरङ जिल्लाको दादरवैरिया श्रोतकेन्द्र अन्तर्गतका ६ वटा गा.वि.सका १/१ वटा सामुदायिक प्राथमिक विद्यालयका शिक्षकहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ। अध्ययनको लागि छनोट गरिएका विद्यालयका टि.पि.डि. तालिम लिएका शिक्षकहरुको पेसागत विकाससँग सम्वन्धित विगत शैक्षिक सत्र २०६६ र २०६७ तथा यस शैक्षिक सत्र २०६८ को हालसम्मको प्राप्त तथ्याङ्क विश्लेषणको आधार लिइएको छ। यस अध्ययनलाई मोरङ जिल्लाको तराई भागका गाउँका सामुदायिक प्राथमिक विद्यालयका शिक्षकहरुमा मात्र सामन्यीकरण गर्न सकिन्छ। यस अध्ययनलाई शिक्षाको पेसागत विकास तालिमको पहिलो मोड्यूल (१० दिन) को प्रभावकारीता अध्ययनमा परिसिमीत गरिएको छ।

## १.७ सम्वन्धित शब्दावलीहरुको परिभाषा

क) स्रोतकेन्द्र : केही निश्चित गाउँ विकास समितिहरुलाई समेटेर उक्त गा.वि.स हरुका क्षेत्रभित्र पर्ने विद्यालयहरुको आर्थिक, भौतिक, शैक्षिक तथ्याङ्क राख्ने, नीति नियम,रणनीतिका बारेमा सम्वन्धित विद्यालयलाई जानकारी गराउने, कक्षा क्रियाकलापहरुलाई प्राविधिक सहयोग पुर्‍याउने,जिल्ला शिक्षा कार्यालयसँग पुलको काम गर्ने केन्द्रलाई स्रोतकेन्द्र भन्निछ।

ख) अगुवा श्रोतकेन्द्र: शैक्षिक तालिम केन्द्र नभएका जिल्लामा शै.ता.के. को जस्तै कार्य गर्ने स्रोत केन्द्र ।

ग) विद्यालय क्षेत्र सुधार : शिक्षा क्षेत्रको अग्रगामी र संरचनागत सुधार गर्ने उद्देश्यले आर्थिक बर्ष २०६६।०६७ देखि कार्यान्वयनमा रहेको नेपाल सरकार शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको ७ बर्ष सम्म चल्ने शैक्षिक कार्यक्रम

घ) शिक्षकको पेसागत विकास : विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षक विकास सम्बन्धी विद्यमान उपलब्धिमा आधारित भएर आगामी दिनमा समस्या समाधानमूखि एवं प्रत्यक्ष रुपमा शिक्षण कार्य सम्पादन सुधार केन्द्रित शिक्षक विकास कार्यक्रम

ङ) विद्यालय व्यवस्थापन समिति : नेपाल सरकारले विद्यालयलाई निरन्तर संचालन, रेखदेख तथा निरीक्षण गर्न समुदायका मानिस तथा विद्यार्थीका अभिभावकहरुलाई सहभागी गराई गठन गरिएको समिति ।

च) शिक्षक अभिभावक संघ : विद्यालयको चौतर्फी विकास गर्न र वि.व्य.स. लाई आवश्यकता अनुसार सहयोग गर्न वि.व्य.स. द्वारा गठन गरिएको समिति जसमा अभिभावक र शिक्षकहरुको संलग्नता हुन्छ ।

छ) मोड्युल : प्रशिक्षार्थीहरुका लागि तयार गरिएको तालिम डिजाइन ।

ज) सेवाकालिन तालिम : सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरुलाई शै.ज.वि.के., दूरशिक्षा, आ.प्रा.शि.प. बाट संचालित तालिम ।

झ) प्रभावकारीता : शिक्षकको शिक्षण व्यवहारमा आएको भिन्नताले विद्यार्थीको शैक्षिक उपलब्धीमा देखिने परिवर्तन ।

ञ) Extensive Training Network : देशव्यापी रुपमा शिक्षकहरुको १० महिने तालिम संचालन गर्न स्थापना गरिएको तालिम संजाल ।

ट) Backlog clearance : तालिम लिन छुटेका शिक्षकहरुको नामावली संकलन गर्ने काम ।

ठ) Follow Up Support : विद्यार्थी उपलब्धी स्तर बढाउनको लागि शिक्षकको पेसागत क्षमता विकास भए नभएको सम्बन्धमा गरिने मूल्याङ्कन र पृष्ठपोषण ।

ड) प्याकेज : प्रशिक्षार्थीहरुका लागि निर्माण गरिएको स्वाध्ययन पुस्तिका ।

ढ) बालमैत्री शिक्षा : विद्यार्थीहरुलाई निर्भयका साथ उनीहरुको क्षमता, चाहना र रुची पहिचान गरी रमाइलो वातावरणमा प्रदान गरिने शिक्षा ।

ण) प्राथमिक : शुरु अवस्थाको ।

त) माध्यमिक : दोश्रो तहको ।

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

श्रेष्ठ (२०६६) ले तयार पार्नु भएको " शिक्षकको पेसागत विकास नीति" नामक लेखमा शिक्षकको पेसागत विकासको  विश्व सन्दर्भमा शिक्षण पेसाप्रति योग्य र दक्ष व्यक्तिको आकर्षण बढाउने, प्रवेश पूर्व तयारी र प्रवेश पश्चात पेसागत दक्षताको विकास गर्ने तथा शिक्षण पेशामा प्रवेश गरेकालाई टिकाई राख्ने जस्ता समस्या र चुनौती रहेको कुरालाई उल्लेख गर्नुको साथै शिक्षकको दक्षतालाई गरिबी निवारण, सामाजिक रुपान्तरणको बाहक, नैतिक चरित्र तथा सदाचार जस्ता गुणको विकास गरी समाजमा उत्पन्न हुने द्वन्द्व, हिंसाको निराकरण, स्वास्थ्य तथा सामाजिक सचेतना विकास गर्ने, लैंगिक विभेद कम गर्ने, मानव अधिकार तथा बालअधिकारको संरक्षण गर्ने बाहकका रुपमा चित्रण गरिएको छ। साथै उक्त लेखमा बालमैत्री वातावरण सिर्जना गरी बालबालिकाको इच्छा, चाहना र आवश्यकता अनुसार शिक्षणलाई प्रभावकारी बनाउनु शिक्षकको जिम्मेवारी र दायित्व भएको कुरा उल्लेख छ। यसै लेखमा प्रस्तावित विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालयको संरचना, शिक्षकको योग्यता तथा सेवाकालीन तालिमको ढाँचामा लामो अवधिको सट्टा पेसागत दक्षता विकास गर्ने छोटो अवधिको मागमा आधारित तालिम दिने नीति लिएको कुरा उल्लेख गरिएको छ।

नेपालको सन्दर्भमा शिक्षकको निरन्तर पेसागत विकासको हकमा विश्वमा प्रचलनमा रहेका र व्यवहार उपयोगी मोडेल तथा सूचना, संचार प्रविधिको  अधिकतम प्रयोग हुने गरी श्रोतकेन्द्र तहमा मागमा आधारित तालिम दिने व्यवस्था हुनेछ। तालिम प्याकेज  तथा सामग्री विकास, कार्यक्रम संचालन, निरीक्षण तथा अनुगमनको केन्द्र देखि स्थानीय तहसम्म समूचित प्रबन्ध मिलाइने छ। तालिमका लागि बजेट विद्यालयमा प्रबाह हुने र शिक्षकले आफूले चाहेको बिषयमा ३० दिने तालिम ५ बर्षमा लिन पाउने संयन्त्रको विकास हुने कुरा उल्लेख छ।

शिक्षा विभाग (२०६६) ले २०६६ भदौं ४ मा स्वीकृत “विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२” मा शिक्षक विकासको कार्यका लागि सरकार जिम्मेवार हुने कुरा उल्लेख गरिएको छ । शिक्षण सिकाईका अभ्यासहरुमा आएका नयाँपनहरुसँग परिचित हुन शिक्षकहरुले प्रत्येक ५ बर्षमा कम्तिमा एक महिने सेवाकालीन तालिम लिनु पर्छ भनिएको छ । त्यस्तै लामो तथा छोटो अवधिबाट प्राप्त तालिमलाई वृति विकाससँग आबद्ध गरी शिक्षकको पेसागत विकास गरिने र प्रधानाध्यापकले तयारी कोर्स लिनुका साथै न्यूनतम योग्यता आधारभूत र माध्यमिक तहमा क्रमशः बी.एड. र एम.एड. प्राप्त गरेको हुने भन्ने उल्लेख छ । यसै योजनामा पाँच बर्षको अवधिभित्र सबै तहका शिक्षकहरुका लागि अगुवा/श्रोतकेन्द्रमा मागमा आधारित तथा पुनर्ताजगी तालिमको विकास र कार्यान्वयन गरिने तथा शिक्षक तालिम संचालन गर्नका लागि वि.व्य.स. लाई आवश्यकता अनुसार रकम उपलब्ध गराउने कुरा उल्लेख गरिएको छ ।

सिन्हा (२०६६) ले तयार पार्नु भएको ***"Teacher training or Life Long Professional; development"*** नामक लेखमा शिक्षाको गुणस्तर मुख्य रुपमा शिक्षकको गुणस्तरमा भर पर्ने कुरा दर्शाउन खोजिएको छ । बिषयवस्तुको ज्ञान, विद्यार्थी कसरी सिक्छन भन्ने कुराको जानकारी र शिक्षण विधिको राम्रो जानकारी प्राप्त शिक्षकलेमात्र विद्यार्थीको सिकाई उपलब्धिमा बृद्धि गर्न सक्छ । त्यसैले शिक्षकलाई राम्रो तयारी गरेर मात्र शिक्षण पेसामा प्रवेश गराउनु र निरन्तर रुपमा तिनीहरुको ज्ञान, सीप तथा अभिवृतिमा सुधार ल्याउनु उत्तिकै महत्वपूर्ण भएको कुरा उल्लेख गरिएको पाइयो । जसमा पेसागत विकासलाई जीवन पर्यन्त सिकाई क्रियाकलापको रुपमा लिएको पाइयो । भविष्यको शिक्षक सैद्धान्तिक, व्यवहारिक र समाहित शिक्षाको ज्ञान, सीप तथा धारणामा आफनो सम्पूर्ण समय बिताउन सक्ने, अभ्यास गर्न सक्ने हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । शिक्षकको पेसागत विकासमा विभिन्न देशहरुका लक्ष्यहरु फरकफरक देखिएता पनि चुनौती सामना गर्ने सबालमा समानताहरु पनि देखिएका छन, जुन यस प्रकार छन - शुरुवातको शिक्षक शिक्षा, पाठयक्रम र प्रशिक्षण विधिहरु, सेवाकालिन निरन्तर शिक्षा, दूरशिक्षक शिक्षा आदि । यसमा भविष्यका चुनौतीहरु जस्तै पेसागत विकासका लागि अविशिष्टीकृत भूमिकाहरु, पेसागत विकासका लागी पुँजीको व्यवस्था, जिम्मेवारी र जवाफदेहीता साथै पेसागत विकासको सिद्धान्त र विकास बीचको असामन्जस्यता आदिको समेत व्याख्या गरी चुनौतीलाई

अवसरमा रुपान्तरण गर्ने संयन्त्र विकास गरिएको देखिन्छ । जसमा केन्द्रिय सरकार, जिल्ला तह, विद्यालयहरु र शिक्षकहरुको अलग अलग भूमिकाको वर्णन गरिएको छ । यसमा अभिभावकको भूमिका कसरी प्रभावकारी बनाउने भनी सुझाव गरिएको छ । वालवालिकाको शिक्षा विकासका लागि अभिभावकलाई कसरी साझेदार बनाउन सकिन्छ त्यस बारेमा सुझाव प्रस्तुत गरिएको छ ।

शर्मा ( २०६६) ले तयार पार्नु भएको “शिक्षक तालिमको व्यवहारिक रुपान्तरण :केही स्थलगत अनुभवहरु” नामक लेखमा शिक्षकलाई तालिम दिने संस्थाको कार्य अनुभवका आधारमा शिक्षकका गतिविधिहरुलाई स्थानीय तहबाट हेर्दा र उनीहरुका दैनिक प्रशासनिक काम कारवाहीमा संलग्न हुँदा उनीहरुले तालिममा सिकेका सीपको व्यवहारिक रुपान्तरका सबालमा गरिएका अनुभवहरुको आधारमा प्र.अ. र शिक्षकका केही पेसागत दैनिक व्यवस्थापकीय सीप र शिक्षण शैली एवं तौरतरिका बिषयमा विश्लेषण गरिएको पाइन्छ । लेखकका अनुसार तालिमको स्थलगत अवलोकन गर्दा, तालिमको कार्यशालामा बसेर सहभागीसँग अन्तरक्रिया गर्दा शिक्षक, तालिम,  पठयक्रम र तालिम प्याकेज तथा निर्देशिकाले परिकल्पना गरे बमोजिमको गुणस्तरमा परियोजना कार्य, कार्य मुलक अनुसन्धान, डेली जर्नल लेखन लगायतका बिषयमा शिक्षकको कार्य व्यवहारमा खासै रुपान्तर भएको पाइदैन । यसमा लेखकको मुख्य उद्देश्य “शिक्षाको गुणात्मक विकासका लागि तयार पारिएका तालिमका अवधारणा, नीति, तालिममा चर्चा गरिएको विभिन्न सिद्धान्त र आधुनिक मोडेल तथा तालिममा सिकेका सीपको व्यवहारिक रुपान्तरणका संवेदनशील पक्षहरुलाई व्यवहारका केही कटु यथार्थको कसीमा राखेर अध्ययन गर्नु” हो ।

लेखकले आफू जिल्ला शिक्षा अधिकारीको  रुपमा विद्यालय अनुगमनमा जाँदा विभिन्न विद्यालयको अनुगमन गरिएको र ती मध्ये वहाँलाई केही दिनसम्म पनि मानसिक रुपमा उत्तेजित पार्ने दुईवटा फरक अवस्थाका सामुदायिक विद्यालयहरुको तुलनात्मक अध्ययन गर्नु भएको पाइयो । एउटा निकै नै राम्रो अवस्थामा रहेको प्राथमिक विद्यालय जसमा विद्यार्थी केन्द्रित शिक्षण विधि, बालमैत्री तथा भयरहित शिक्षण र शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गरेको देखिन्छ भने अर्को माध्यमिक विद्यालय जसमा थुप्रै शैक्षिक अस्तव्यस्तताहरु जस्तै समयको ख्याल नभएको, नियमित र सबै कोठामा पठनपाठन

भैनरहेको, व्याख्यान विधिको मात्र प्रयोग भएको, शौचालयको व्यवस्था भएपनि फोहोर, दुर्गन्धित अवस्थामा रहेको देखिन्छ । यसमा लेखकले विभिन्न उपशीर्षकमा बाँडेर लेखलाई सान्दर्भिक र स्पष्ट बनाउने प्रयास गर्नु भएको छ । ती उपशीर्षकहरुमा शिक्षक को लाइसेन्स र तालिम, शिक्षकको पेसागत संस्थाको तालिममा संलग्नता, पाठयपुस्तकको अभावमा तालिमको सान्दर्भिकता, बहुभाषिक शैक्षिक कार्यक्रम र तालिम, शिक्षकको परम्परागत सोच र तालिम तथा कम ध्यान दिइएका वा ओझेलमा परेका क्षेत्रहरु आदि छन । तालिममा सिकेका सीप अपेक्षित रुपमा कक्षाकोठामा रुपान्तर हुन सकेनन्  भन्ने कुरा अध्ययनको मुख्य बिषयवस्तु देखिन्छ । शिक्षाको पहुँच र गुणस्तरमा सुधार तथा शिक्षा प्रदान गर्ने निकायको संस्थागत व्यवस्थापकिय क्षमता अभिवृद्धि यी तीनैवटा सबाल हरुलाई संवोधन गर्ने सवालमा शिक्षकको व्यवस्थापन नेपालको समकालिन शैक्षिक व्यवस्थापनका चुनौतीहरु मध्ये सायद सबैभन्दा जटिल र चुनौतीपूर्ण मुद्दा बनेको वर्तमान परिवेशमा तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभव भएरमात्र पुग्दो रहेनछ, काम गर्ने व्यक्तिको सोच, संस्कार र शैलीमा रुपान्तरणको सन्दर्भसँग समेत यसलाई गाँसेर हेर्नु पर्ने रहेछ भन्ने लेखको निचोड पाइन्छ ।

खत्री (२०६२) का अनुसार सुर्खेत जिल्लाका प्राथमिक तहका जम्मा ११९८ जना शिक्षकको तालिमको अवस्था पहिचान गर्ने र तालिमले शिक्षण सिकाईमा पारेको प्रभाव अध्ययन गर्ने उद्देश्यले शोध अनुसन्धान गरिएको कुरा उल्लेख गर्नु भएको छ । उल्लेखित उद्देश्य परिपूर्तिका लागि नमूना छनौटमा केही तालिम प्राप्त शिक्षक कार्यरत विद्यालय र केही तालिम अप्राप्त शिक्षक कार्यरत विद्यालय लिनु भएको देखियो । जनसंख्याको रुपमा शिक्षक, विद्यार्थी, प्र.अ., वि.व्य.स. अध्यक्ष र विद्यालय निरीक्षकहरु राखिएको पाइयो । विद्यार्थीको उपलब्धी परीक्षणका आधारमा तालिम प्राप्त शिक्षकहरुले तालिमबाट प्राप्त गरेको ज्ञान र सीपलाई शिक्षण सिकाईमा लागू नगरेको, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुको शिक्षण सिकाई क्रियाकलापमा न्यून भिन्नता देखिएता पनि शिक्षण व्यवहारका अन्य पक्षमा खासै भिन्नता नदेखिएको, तालिमबाट प्राप्त ज्ञान, सीपलाई व्यवहारमा लागू गर्न भौतिक व्यवस्थापनको कमजोरी, आर्थिक समस्या, शैक्षिक सामग्रीको अभाव, पेशाप्रति असन्तुष्टि आदिले प्रभाव पारेको र तालिमप्राप्त र तालिम अप्राप्त शिक्षकले अध्यापन गराएका विद्यार्थीहरुको उपलब्धीको स्तर बीच उल्लेखनीय भिन्नता नपाइएको जस्ता परिणामहरु प्राप्त भएको कुरा उल्लेख गर्नु भएको छ । यस्ता समस्याहरुको समाधानको

लागि सम्बन्धित निकायबाट समय समयमा निरीक्षण तथा अनुगमन गर्नु पर्ने, विद्यार्थी संख्या र संचालित कक्षाका आधारमा शिक्षक दरबन्दी व्यवस्था गर्नु पर्ने, विद्यालयमा आवश्यक मात्रामा शैक्षिक सामग्रीको व्यवस्था मिलाउनु पर्ने, विद्यालयको आर्थिक अवस्था सबल तुल्याउनु पर्ने र समय समयमा शिक्षकहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्ने सुझाव राख्नु भएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

जोहन वाटसन (१८७८-१९५८) का अनुसार, वातावरणीय हेरफेरबाट मानव विकासका क्षेत्रमा पनि चाहे अनुसारको परिवर्तन ल्याउन सकिन्छ । व्यवहारवादि सिद्धान्तकारहरुले मानवीय व्यवहारमा आउने परिवर्तन लाई सिकाई र सिकाईलाई नै विकासको रुपमा लिएका छन् । अतः यस सिद्धान्तले शिक्षकको पेसागत विकास कार्यक्रमलाई मानवीय व्यवहारमा परिवर्तन ल्याउने कारकका रुपमा व्याख्या गर्दछ भने, मानवीय व्यवहारमा आएको परिवर्तनले उनीहरुको क्षमता अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने कुरा निश्चित छ (रेग्मी, श्रेष्ठ, अर्याल र खनाल, २०६३ द्वारा उद्धृत) ।

B.F. Skinner (1904-1990) का अनुसार, वातावरणीय अनुकुलता, पूनर्वल एवं पृष्ठपोषण संतुलित विकासको प्रमुख श्रोत  हो । उनी लगायत व्यवहारबादी दृष्टिकोणमा विश्वास राख्ने मनोवैज्ञानिकहरुले मानव विकासलाई साधारण बाट जटिल प्रकृयाको रुपमा व्याख्या गर्दै सन्तुलित र पूर्ण विकासका लागि अंशबाट पूर्णतिर पद्धति अपनाउनु पर्ने निष्कर्ष निकालेका छन् । उनको विश्लेषण अनुसार मानव विकास उपलव्ध बातावरणीय अवस्था वा परिस्थिति प्रति देखाउने प्रतिकृया वापत प्राप्त गर्ने सुखद वा दुःखद अनुभव वा सन्तुष्टिमा निर्भर गर्ने गर्दछ । यदि मानिसले प्रतिक्रिया पश्चात सुखद अनुभव वा सन्तुष्टि वा पूनर्वल प्राप्त गर्दै गएको छ भने उसले आफ्नो उक्त कार्यलाई निरन्तरता दिनेतर्फ लाग्दछ वा कार्यप्रति थप क्रियाशिलता देखाउँछ । जसको परिणाम स्वरुप उसको व्यवहारमा गुणात्मक परिवर्तन देखा पर्दै  जान्छ । शिक्षकको पेसागत विकास कार्यक्रममा प्रत्येक वर्ष १०/१० दिनका दरले बढीमा ५ वर्षमा जम्मा ३० दिन बरावरको सेवाकालिन तालिम प्रत्येक शिक्षकले अनिवार्य रुपमा लिनु पर्ने व्यवस्था छ । प्रत्येक वर्षको १० दिने कार्यक्रममा पनि ५ दिन वरावरको तालिम केन्द्रमा आधारित तालिम र ५ दिन वरावरको विद्यालयमा आधारित

तालिमको व्यवस्था छ । विद्यालयमा आधारित तालिमका पनि २ भाग छन् पहिलो २० देखि ३० सम्मको स्वाध्ययन अभ्यास, जसको कार्यदिन वरावर तीन दिन हुन्छ । दोश्रो २ कार्यदिने शैक्षिक परामर्श जसमा विद्यालयका प्रमुख सरोकार वालासंग प्रशिक्षकलेभेटेर बैठक गरी परामर्श संचालन गर्दछ । यहाँ पाँच दिने तालिम केन्द्रमा आधारित तालिम संचालन गर्दा उपभोक्ताका माँगमा आधारित भएर तालिममा कार्यक्रम संचालन हुने गर्दछन् । ३ कार्य दिने स्वाध्ययन अभ्यासमा सहभागी शिक्षकले शैक्षिक अनुसन्धानात्मक कार्य संचालन गर्दछन् । जसबाट पृष्ठपोषण प्राप्त गरी आगामी दिनमा पठन पाठनमा सुधार गर्दै लागिन्छ । अहिलेको शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार शिक्षकको कार्यसम्पादन मुल्याङ्कन गर्ने पद्धति विकास गरिएको हुँदा शिक्षकलेलगातार पूनर्वल प्राप्त गरी आगामी दिनमा सुधार तर्फ लाग्ने अवस्था सृजना भएको छ । जसले गुणात्मक परिवर्तनको संकेत गर्दछ । साथै पटक पटक अंश अंशमा तालिम संचालन भै पाँचवर्ष भित्रमा पूर्णता पाउने हुनाले संतुलित र पूर्ण पेसागत विकासको संभावना देखिन्छ (रेग्मी, श्रेष्ठ, अर्याल र खनाल, २०६३ बाट उद्धृत) ।

२.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत शोधपत्रका लागि माथि उल्लेखित सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाको माध्यमबाट ज्यादै ठूलो सहयोग पुगेको छ । अध्ययनको सैद्धान्तिक खाकामा विश्वव्यापी दार्शनिकद्वारा प्रतिपादित सिद्धान्तको विस्तृत अध्ययन अनुसन्धान गर्नुपर्ने भएकाले कमीकमजोरी पहिल्याउन र ढाँचा तयार गर्न ठूलो सहयोग पगेको छ । यसले धेरै भन्दा धेरै पुस्तकहरु पढ्न प्रोत्साहित गरेको छ । त्यसैगरी सम्वन्धित साहित्यको पुनरावलोकनमा धेरै विद्वानद्वारा लेखिएका लेख, रचना, पुस्तक, अनुसन्धान, अध्ययनबाट शोधकर्तालाई विभिन्न किसिमको ज्ञान, सीप, र क्षमतामा बृद्धि हुने हुँदा पनि उसलाई यस कार्यमा अगाडि बढ्न थप उत्साहित पारेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

शोधकार्यलाई पूरा गर्नका लागि दुइवटा अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । यसमा कुनै अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनै पनि बिषयवस्तु तथा मुद्दासँग सम्वन्धित संख्यात्मक मूल्यमा आधारित संख्यात्मक ढाँचा समेत गरी मिश्रित अनुसन्धान ढाँचाकोप्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनमा बाँधिएको परिसिमा अनुसार मोरङ्ग जिल्ला दादरवैरिया श्रोतकेन्द्र अन्तर्गतका ६ वटा गा.वि.स का सामुदायिकप्राथमिक विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु, वि.व्य.स. तथा पि.टि.ए. पदाधिकारीलाई  जनसंख्याको रुपमा राखिएको छ ।

## ३.३ नमूना छनौट विधि तथा नमूनाको आकार

मोरङ्ग जिल्लाको दादरवैरिया श्रोतकेन्द्र भित्रका ६ गा.वि.स क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक प्रा.वि. मध्येबाट प्रत्येक गा.वि.स बाट एक विद्यालय पर्ने गरी सरल संभावनायुक्त नमूना छनौट विधिको माध्यमबाट ६ वटा प्रा.वि. हरु छनौट गरिनेछ । नमूनाको आकार को रुपमा छनौटमा परेका विद्यालयका प्र.अ. हरु ६ जना, वि.व्य.स. अध्यक्षहरु ६ जना, पि.टि.ए. अध्यक्षहरु ६ जना, टि.पि.डी. लिएका शिक्षकहरु मध्येबाट प्रत्येक विद्यालयबाट १ जना पर्ने गरी ६ जना र नलिएका मध्येबाट ६ जना गरी जम्मा १२ जना, प्रत्येक विद्यालयको ठूलो कक्षाबाट एक छात्र र एक छात्रा पर्ने गरी जम्मा १२ जना विद्यार्थी र प्रत्येक विद्यालयबाट एक महिला र एक पुरुष पर्ने गरी जम्मा १२ जना अभिभावकहरु उद्देश्यमूलक ढंगले सामान्य संभावनायुक्त विधिबाट छनौट गरिएको छ ।

### ३.४ नमूना छनौटको आधार

भौगोलिक, जातीयता, आर्थिक मितव्ययिता, सुगमता, विश्वसनीयता, वैद्यता, समावेशी र सूचना प्राप्त गर्न सजिलो र सहज भएकोले मोरङ जिल्लाको दादरवैरिया श्रोतकेन्द्र अन्तर्गतका ६ वटा गा.वि.स. बाट प्रति गा.वि.स. एक विद्यालय पर्ने गरी छ वटा प्रा.वि.लाई मात्र अध्ययन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

### ३.५ अनुसन्धान साधनहरु

मोरङको दादरवैरिया स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेसागत विकासमा शिक्षकको पेसागत विकास कार्यक्रमले पारेको प्रभाव अध्ययन गर्ने सिलशिलामा निम्न लिखित अनुसन्धान साधनहरुको प्रयोग गरिएको छ :

क) प्रश्नावली

ख) अन्तरवार्ता

ग) लक्षित समूह छलफल

घ) दस्तावेज अध्ययन

माथि उल्लेखि साधनमा प्राथमिक र माध्यमिक स्रोतहरु दुवैको प्रयोग गरेरमात्र सही विवरण पत्ता लगाई निष्कर्षमा पुगिएको हुनाले अनुसन्धानका साधनहरु उपयुक्त खालका प्रयोग गरिएको थियो भन्न सकिन्छ ।

### ३.६ तथ्याङ्कका स्रोतहरु

#### ३.६.१ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि सम्वन्धित अध्ययन क्षेत्रका सरोकारवाला उत्तरदाता लाई अनुसन्धानकर्ताले प्रत्यक्ष भेटी प्रश्न गर्ने, प्रश्नावली भराउने, अन्तरवार्तामा सहभागी भएर तथ्याङ्क संकलन गर्नुका साथै लक्षित समूह छलफल, भेटघाट, भेला बाट पनि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ द्वितीय स्रोत

यस अन्तर्गत विभिन्न दस्तावेजको अध्ययन, लेखरचना, समीक्षा, प्रकाशित लेखहरु, स्रोतकेन्द्र प्रोफाइल अध्ययन, पत्रपत्रिका, शैक्षिक तथ्याङ्कहरु, उपलिब्ध मूल्याङ्कन फारमहरुको अध्ययन प्रयोग गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन गर्ने क्रममा सम्वन्धित विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरु, वि.व्य.स. तथा पि.टि.ए. पदाधिकारीहरुका साथै विद्यार्थीहरुलाई प्रश्नावली भराईएको, उनीसँग अन्तरवार्ता र छलफल समेत गरिएको साथै लक्षित समूह छलफल र सम्वन्धित विद्यालयमा गई विद्यालयका तथ्याङ्क तथा दस्तावेज वा कागजातहरु प्र.अ. बाट उपलब्ध गराई आवश्यक विवरण संकलन गरी गहन अध्ययन गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनलाई स्पष्ट पार्न शुरुमा तथ्याङ्कलाई तालिकामा देखाई विश्लेषण गरिएको र त्यसपछि प्रतिशतमा देखाई तुलनात्मक अध्ययन गरी व्याख्या विश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

## ४.१ शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयनको अवस्था

दादरबैरिया श्रोतकेन्द्र अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा प्रा.वि. खण्डमात्र संचालित विद्यालय २१ वटा, प्रा.वि. र नि.मा.वि. खण्ड संचालित ७ वटा र तिनवटै खण्ड प्रा.वि., नि.मा.वि. र मा.वि. संचालित विद्यालयहरु ९ वटा गरी जम्मा ३७ वटा छन । श्रोतकेन्द्र भरिका विद्यार्थी संख्या गणना गर्दा प्रा.वि. खण्डमामात्र अध्यययन गर्ने विद्यार्थीहरु १०५९० जना, नि.मा. खण्डमा मात्र अध्ययन गर्ने ३५१३ जना र माध्यमिक खण्डमा मात्र अध्ययन गर्ने १८८६ जना छन । प्राथमिक खण्डमा अध्यापन गराउने शिक्षकको संख्या २१३ जना, नि.मा. खण्डमा अध्यापन गराउने ५६ जना र मा.वि. शिक्षकको संख्या ३३ जना रहेको छ ।

दादरवैरिया श्रोतकेन्द्र अन्तर्गतका प्रा.वि. शिक्षकहरु जम्मा २१३ जना मध्ये १४५ जनाले प्रथम चरणको १० दिने पेसागत विकास तालिम लिइसकेका छन । अर्थात प्रथम चरणको पेसागत विकास तालिम लिने शिक्षकको प्रतिशत ६८ छ भने नलिनेको प्रतिशत ३२ छ । यसलाई तलको वृत्तचित्रमा देखाइएको छ ।

*श्रोत : शिक्षकहरुको पेसागत विकास सम्बन्धी विवरण, २०६६/०६७*

### ४.१.१ पेसागत विकास तालिम लिने र नलिने शिक्षक संङ्ख्या :

तालिका : १

| *क.सं.* | *विद्यालयको नाम* | *शिक्षक संख्या* | | | *प्रथम चरणको टि.पी.डि. तालिम* | |
|---|---|---|---|---|---|---|
| | | *महिला* | *पूरुष* | *जम्मा* | *प्राप्त संख्या* | *अप्राप्त संख्या* |
| १ | कालिका प्रा.वि. | 1 | 4 | 5 | 5 | 0 |
| २ | बेनी प्रा.वि. | 2 | 3 | 5 | 3 | 2 |
| ३ | दुर्गा प्रा.वि. | 1 | 4 | 5 | 4 | 1 |
| ४ | अनन्त प्रा.वि. | 2 | 4 | 6 | 4 | 2 |
| ५ | जयमालक्ष्मी प्रा.वि. | 0 | 5 | 5 | 3 | 2 |
| ६ | लक्ष्मी प्रा.वि., जमुवा | 0 | 4 | 4 | 2 | 2 |

*श्रोत : टि.पी.डि तालिम सम्बन्धी विवरण २०६७*

माथिको तालिकामा नमूना छनौटमा परेका ६ वटा सामुदायिक प्रा.वि. हरुमा अध्यापनरत शिक्षक शिक्षिककाहरुको संख्या र प्रथम चरणको १०दिने टि.पी.डि. तालिम प्राप्त र अप्राप्त शिक्षक शिक्षिकाहरुको संख्या उल्लेख गरिएको छ । नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरुमा जम्मा ३० जना शिक्षक शिक्षिका हरु कार्यरत छन जसमध्ये २१ जनाले प्रथम चरणको १० दिने टि.पी.डि. तालिम लिई सकेका छन । यहाँ तालिम लिनेको प्रतिशत ७० हुन्छ भने तालिम अप्राप्तको प्रशित ३० हुन्छ, जुन समग्र श्रोत केन्द्रको टि.पी.डि. तालिमको अवस्थासँग दाँज्दा नमूना छनौटमा परेका विद्यालयहरुले श्रोतकेन्द्रको वास्तविक प्रतिनिधित्व गरेको देखिन्छ ।

४.१.२ टि.पि.डी मोड्यूलको १० दिने शिक्षक पेसागत विकास प्रक्रिया :

तालिका : २

| कार्यक्रमको नाम | समयावधी | कार्य दिन | गर्नु पर्ने मुख्य क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| तालिम कार्यशाला | ५ दिन | ५ | सहभागी र प्रशिक्षक बीच फेस टु फेस मोडबाट तालिम सम्पन्न हुने | तालिम केन्द्रमा शिक्षक र प्रशिक्षकको अन्तरक्रिया हुन्छ । |
| स्वाध्ययन अभ्यास | २०-३० दिन | ३ | परियोजना कार्य तथा शिक्षण सुधार योजना निर्माण र प्रतिवेदन तयारी | विद्यालयमा शिक्षक स्वयं सहभागी हुन्छ |
| शैक्षिक परामर्श | २ दिन | २ | कक्षा अवलोकन शिक्षक प्र.अ. र वि.व्य.स. बैंठक | प्रशिक्षक विद्यालय सम्म जान्छ |

श्रोतः शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन, पुस्तिका २०६७

**भाग १ :**

तालिम कार्यशाला ५ दिनसम्म संचालन हुने र त्यसमा शिक्षकहरुको मांगमा आधारित पेसागत आवश्यकतालाई शिक्षक र प्रशिक्षकहरु बीच प्रत्यक्ष छलफल र अन्तरकृयाबाट समाधान गर्ने प्रयास गरिन्छ । आगामी भाग -२ र भाग -३ अन्तर्गत संचालन हुने कृयाकलाप बारे परिचय गराई सहभागीहरुलाई कार्ययोजना निर्माण गर्न लगाउने र परियोजना कार्य तोक्ने सम्मको कार्य गरिन्छ ।

**भाग -२**

स्वाध्ययन अभ्यास पहिलो भाग संचालन भएपछि सामान्यतया २० देखि ३० दिनभित्र ३ दिन कार्यभार बरावर क्रेडिट पाउने गरी प्रत्येक सहभागीले आफ्नै विद्यालयमा तोकिएका कार्यहरु सम्पादन गरी सम्पन्न गर्नु पर्नेछ ।

यस प्रयोजनका लागी प्रत्येक सहभागीले भाग -१, खण्डमा तोकिएका प्रोजेक्ट कार्य सम्पादन गर्ने क्रममा कार्यमूलक अनुसनधान वा मामिला अध्ययन वा विद्यार्थी नतिजा विश्लेषण वा तोकिएको पुस्तक/सन्दर्भ सामग्रीको पुनरावलोकन टिप्पणी तयार गर्ने मध्ये कुनै २ वटा प्रोजेक्ट कार्य पूरा गर्नु पर्छ। यसको साथै प्रत्येक सहभागीले अनुसुची २ अनुसारको शिक्षण सुधार योजना तयार गरी त्यसै अनुसार प्रभावकारी शिक्षण सम्पादन गर्नु पर्ने हुन्छ।

**भाग -३**

शैक्षिक परामर्श २ दिन सम्म संचालन हुन्छ। यसमा तालिम केन्द्रबाट सहभागीहरु कार्यरत विद्यालयमा भ्रमण गर्न दुई दिनका लागि प्रशिक्षक, श्रोतव्यक्तिहरु खटिएर आउँछन र निम्नानुसारको क्रमबद्ध कृयाकलापहरु संचालन गर्दछन -

**पहिलो दिन**

१. प्रत्येक सहभागी शिक्षकले सम्पन्न गरेका स्वाध्ययन अभ्यास अन्तर्गतका तीनवटै प्रोजेक्ट कार्यहरुको प्रतिवेदन संकलन गरिन्छ।

२. विद्यालयको समग्र संचालन प्रक्रिया एवं शैक्षिक गतिविधि अवलोकन गरी सुधारका पक्षहरु नोट गरिन्छ।

३. सम्बन्धित सहभागी शिक्षकको कम्तिमा एउटा कक्षा अवलोकन गर्ने र सुधारका पक्षहरु नोट गरिन्छ।

**दोश्रो दिन**

१. अन्य शिक्षकहरुको पनि कक्षा अवलोकन गरी सुधारका पक्षहरु नोट गरिन्छ।

२. शिक्षक, प्र.अ. र वि.व्य.स. का पदाधिकारीहरु बीच विभिन्न प्रस्तावहरुमा आधारित औपचारिक बैठक गरिन्छ।

अन्त्यमा प्रशिक्षक/श्रोतव्यक्तिलाई "प्रोजेक्ट कार्य प्रतिवेदन र बैठकको निर्णय प्रति" संकलन गरी श्रोतकेन्द्रमा फिर्ता बोलाइन्छ।

### ४.१.३ शिक्षकको पेसागत विकास तालिमको अवस्था

समग्रमा जि.शि.का मोरङले दादरवैरिया श्रोतकेन्द्रलाई विगत दुई शैक्षिक बर्षहरु २०६६ र २०६७ मा छुट्याएको प्राथमिक शिक्षकहरुको टि.पि.डी कोटाले २१३ मध्ये १४५ जना शिक्षकलाई मात्र प्रथम चरणको १० दिने टि.पि.डी मोडयूल पूरा गर्नमा सहयोग पुगेको छ । अब बाँकी ६८ जना शिक्षकलाई प्रथम चरणको १० दिने तालिम पूरा गराउन नै बाँकी छ । पाँच बर्षको अन्तरालमा केहि नयाँ नियुक्ति भएर शिक्षक थपिने अवस्था पनि छँदैछ । जि.शि.का. मोरङमा बुझ्दा शैक्षिक बर्ष २०६८ मा संचालन हुने टि.पि.डी तालिममा बाँकी सबैलाई प्रथम चरणको टि.पि.डी मोडयूल पूरा गराई केहि शिक्षकलाई दोस्रो चरणको १० दिने कार्यक्रममा सहभागी गराउने लक्ष्य रहेको देखिन्छ ।

टि.पि.डी तालिम लिने शिक्षकहरुलाई भराइएको अन्तरवार्ता प्रश्नावलीका आधारमा भन्नु पर्दा अधिकांश शिक्षकहरुले तालिममा सिकेका ज्ञान तथा सीपलाई व्यहारमा उतार्ने प्रयास गरेको देखिन्छ । तथापी टि.पि.डी मोडयूलमा रहेका शिक्षण सुधार योजना, परियोजना कार्य निर्माण तथा कार्यान्वयनमा चासो देखिएतापनि निर्माण र प्रयोगको सीप राम्ररी विकास हुन नसकेको पाइन्छ ।

प्र.अ लाई भराइएको अन्तरवार्ता प्रश्नावलीका आधारमा आधाजसो शिक्षकहरुले शिक्षण सुधार योजना र परियोजना कार्य निर्माण नगर्नु भएको भन्ने बुझ्न पाइन्छ । निर्माण तथा प्रयोग नहुनुको पछाडी राम्रो सीप विकास नभएको र केहीमा भने सकारात्मक सोचको अभाव रहेको भन्ने बुझिन्छ ।

विद्यालय निरीक्षकलाई भराईएको अन्तरवार्ता प्रश्नावलीको आधारमा टि.पि.डी तालिम लिनु अघि र पछिको शिक्षकको शैक्षणिक क्रियाकलापमा खासै अन्तर नदेखिएको, शिक्षण सुधार योजना निर्माण र कार्यान्वयनमा त्यती धेरै ध्यन नपुगेको र शैक्षिक परामर्श खण्डमा समेत शिक्षकले गर्नु पर्ने क्रियाकलाप र प्रस्तुति धेरै प्रभावकारी नभएको भन्ने देखिन्छ ।

## ४.२. शिक्षकको क्षमता अभिवृद्धिमा पारेको प्रभाव

### ४.२.१ शिक्षण व्यवहार

यसमा प्राथमिक खण्डमा शिक्षण गर्ने टि.पि.डी. तालिम प्राप्त तथा तालिम अप्राप्त शिक्षकहरुले कक्षाकोठामा शिक्षण गर्दा अपनाउने शिक्षण पद्धति र उनीहरुले अध्यापन गराएका विद्यार्थीहरुको शैक्षिक उपलब्धी बीच तुलनात्मक अध्ययन समावेश गरिएको छ।

तालिका ३ : दैनिक पाठनोट तयार पार्ने शिक्षक संख्या र प्रतिशत

| टि.पी.डि. तालिम प्राप्त शिक्षक | | | टि.पी.डि. तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| क्र.सं. | दैनिक पाठ नोट | जम्मा | क्र.सं. | दैनिक पाठ नोट | जम्मा |
| १ | agfpg] | 4-66=67_ | 1 | agfpg] | 1-16=67_ |
| २ | gagfpg] | 2-33=33_ | 2 | gagfpg] | 5-83=33_ |

श्रोत : विद्यालय सर्वेक्षण २०६८

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ*

उपर्युक्त तालिका अनुसार टि.पि.डी तालिम प्राप्त ६ जना मध्ये ४ जना शिक्षकले मात्र दैनिक पाठनोट तयार गर्ने गरेको देखियो जसको प्रतिशत ६६.६७ हुन्छ। त्यस्तै टि.पि.डी तालिम अप्राप्त ६ जना मध्ये १ जनाले मात्र दैनिक पाठनोट तयार गर्ने गरेको पाइयो। जसको प्रतिशत १६.६७ हुन्छ। दुवै खाले शिक्षकको अवलोकन गर्दा तालिम प्राप्त शिक्षकले अप्राप्तको तुलनामा ५० प्रतिशत बढीले दैनिक पाठनोट तयार गर्ने गरेको पाइयो

तालिका ४ : शैक्षिक सामग्री प्रयोग गर्ने र नगर्ने संख्या र प्रतिशत

| टि.पी.डि. तालिम प्राप्त शिक्षक | | | टि.पी.डि. तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| क्र.सं. | प्रयोगको अवस्था | जम्मा | क्र.सं. | प्रयोगको अवस्था | जम्मा |
| १ | राम्रो | 1-16=67_ | १ | राम्रो | 0-0_ |
| २ | सामान्य | 3-50_ | २ | सामान्य | 2-33=33_ |
| ३ | प्रयोग नगरिएको | 2-33=33_ | ३ | प्रयोग नगरिएको | 4-66=67_ |

श्रोत : विद्यालय सर्वेक्षण २०६८

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ*

उपर्युक्त तालिका अध्ययन गर्दा शैक्षिक सामग्रीको राम्रो प्रयोग गर्नेमा तालिम प्राप्त शिक्षकहरु मध्ये १६.६७प्रतिशत र तालिम अप्राप्त शिक्षकहरु मध्येमा शून्य प्रतिशत देखियो । त्यस्तै सामान्य प्रयोग गर्नेमा तालिम प्राप्त मध्येबाट ५०प्रतिशत र अप्राप्त मध्येबाट ३३.३३ प्रतिशत देखियो । प्रयोग गर्दै नगर्नेमा तालिम प्राप्त मध्येबाट ३३.३३ प्रतिशत र तालिम अप्राप्त मध्येबाट ६६.६७ प्रतिशत रहेको पाइयो ।

तालिका ५ : विद्यार्थी मूल्याङ्कन गर्ने शिक्षक संख्या र प्रतिशत

| टि.पि.डी तालिम प्राप्त शिक्षक | | टि.पि.डी तालिम अप्राप्त शिक्षक | |
|---|---|---|---|
| औपचारिक मूल्याङ्कन | अनौपचारिक मूल्याङ्कन | औपचारिक मूल्याङ्कन | अनौपचारिक मूल्याङ्कन |
| ६(१००) | ३(५०) | ६(१००) | १(१६.६७) |

*श्रोत : विद्यालय सर्वेक्षण २०६८*

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ*

उपर्युक्त तालिका अनुसार टि.पि.डी तालिम प्राप्त सतप्रतिशत शिक्षकहरुले विद्यार्थीहरुको औपचारिक मूल्याङ्कन गर्ने गरेको तथा ५० प्रतिशतले मात्र अनौपचारिक मूल्याङ्कन अपनाउने गरेको पाइयो । टि.पि.डी तालिम अप्राप्त शिक्षकहरु मध्ये सतप्रतिशतले औपचारिक मूल्याङ्कन पद्धति अपनाउने गरेको तर १६.६७ प्रतिशतले मात्र अनौपचारिक मूल्याङ्कन पद्धति अपनाउने गरेको पाइयो ।

तालिका ६: शिक्षण विधि

| क.सं. | शिक्षण विधि | तालिम प्राप्त शिक्षक | तालिम अप्राप्त शिक्षक |
|---|---|---|---|
| १ | व्याख्यान विधि | 4-66=67_ | 6-100_ |
| २ | प्रदर्शन विधि | 2-33=33_ | 0-0_ |
| ३ | खेल विधि | 0-0_ | 0-0_ |
| ४ | नाटकिय विधि | 0-0_ | 0-0_ |

*श्रोत : विद्यालय सर्वेक्षण २०६८*

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ*

माथिको तालिकामा अध्ययन गर्दा तालिम प्राप्त शिक्षकहरु मध्ये ६६.६७ प्रतिशतले अभ्कैपनि व्याख्यान विधिकै प्रयोग गरिरहेको पाइयो । बाँकी ३३.३३ प्रतिशत शिक्षकहरुले प्रदर्शन विधि प्रयोग गरेको पाइयो । खेल विधि र नाटकीय विधिको प्रयोग गर्ने शिक्षकहरु शुन्य प्रतिशत रहेको पाइयो । त्यस्तै टि.पि.डी. तालिम अप्राप्त शिक्षकहरु मध्ये सबैजसोले परम्परागत व्याख्यान विधि नै प्रयोग गरेको पाइयो भने नवीनतम खेल विधि र नाटकीय विधि अबलम्बन गर्ने शिक्षकको प्रतिशत शून्य नै रहेको पाइयो ।

## ४.२.२ विद्यार्थी उपलब्धी

शिक्षक तालिमको प्रभावकारीता विद्यार्थीको सिकाई उपलब्धीमा देखिने गर्दछ । यस शोधकार्य अन्तर्गत शोधकर्ताले शैक्षिक सत्र २०६६।०६७ र २०६७।०६८ को नमुना छनोटमा परेका विद्यालयको उपलब्धीलाई तालिकामा प्रस्तुत गरेको छ ।

तालिका ७ : विद्यार्थी उपलब्धी

| शैक्षिक सत्र | विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षामा सम्मिलित | सबै विषयमा उत्तिर्ण | एक विषय उत्तारित | दुइ विषय उत्तारित | अनुत्तिर्ण |
| ०६६।०६७ | १३२० | ११८८ (९०) | ५४८ (४६.१३) | १८० (१५.१५) | ३५५ (२९.८८) | १०५ (८.८३) |
| ०६७०६८ | १२८३ | ११२९ (८७.९९) | ५८० (५१. ३७) | २०१ (१७.८०) | ३०७ (२७.१९) | ४१ (३.६३) |

उपरोक्त तालिका अनुसार नमूना छनौटमा परेका विद्यालयहरुको २०६६।०६७ मा विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये ९०% ले परीक्षा दिएकोमा सबै बिषयमा उत्तीर्ण हुनेको संख्या ४६.१३%, एक बिषय उत्तारित हुनेको संख्या १५.१५%, दुई बिषय उत्तारित हुनेको संख्या २९.८८% र अनुतीर्ण हुनेको संख्या ८.८३% रहेको देखिन्छ । त्यस्तै शै.स. २०६७०६८ मा ८७.९९ % ले परीक्षा दिएकोमा सबै बिषयमा उत्तीर्ण हुने ५१.३७%, एक बिषय उत्तारित हुने १७.८०%, दुई बिषय उताति हुने २७.१९% र अनुतीर्ण हुने ३.६३% देखिन्छ । टि.पि.डी तालिम पश्चात विद्यार्थी उपलब्धीमा वृद्धि भएको देखिन्छ ।

## ४.२.३ तालिमको प्रभावकारी कार्यान्वयन

तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक बनाई विद्यार्थीहरुसम्म सरल र प्रभावकारी ढंगले पस्कन आवश्यक पर्ने सीपको विकास गर्न मद्दत गर्दछ । यस उपखण्ड अन्तर्गत तालिमसँग सम्बन्धीत पक्षहरुको सन्दर्भमा तथ्याङ्कहरु निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका ८ : शिक्षण सुधार योजना निर्माण गर्ने र नगर्ने शिक्षक संख्या र प्रतिशत

| टि.पि.डी.तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | |
|---|---|---|---|---|
| क.सं. | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. निर्माण गर्ने | 5 | 83=33 | 0 | 0 |
| २. निर्माण नगर्ने | 1 | 16=67 | 6 | 100 |

*श्रोत : स्थलगत सर्वेक्षण २०६८*

माथिको तालिका अनुसार टि.पि.डी. तालिम प्राप्त शिक्षकहरु मध्ये ८३.३३ प्रतिशतले शिक्षण सुधार योजना निर्माण गरेको र १६.६७ प्रतिशतले निर्माण नगरेको पाइयो । त्यस्तै टि.पि.डी. तालिम अप्राप्त शिक्षकहरु मध्ये कसैलेपनि शिक्षण सुधार योजना निर्माण नगरेको पाइयो ।

तालिम प्राप्त शिक्षकहरु मध्ये पनि १७ प्रतिशत शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण नगरेको पाइनु टि.पि.डी. तालिमको पूर्ण प्रभावकारीता देखिदैन ।

तालिका ९ : परियोजना कार्य निर्माण गर्ने र नगर्ने शिक्षक संख्या र प्रतिशत

| क.सं. | टि.पि.डी तालिम लिने शिक्षक ६ | | क.सं. | टि.पि.डी तालिम नलिने शिक्षक ६ | |
|---|---|---|---|---|---|
| | निर्माण गरिएको तरिका | जम्मा | | | जम्मा |
| १ | राम्रो निर्माण गर्ने | 4-66=67_ | १ | राम्रो निर्माण गर्ने | 1-16=67_ |
| २ | सामान्य निर्माण गर्ने | 2-33=33_ | २ | सामान्य निर्माण गर्ने | 2-33=33_ |
| ३ | निर्माण नै नगर्ने | 0-0_ | ३ | निर्माण नै नगर्ने | 3-50_ |

*श्रोत : स्थलगत सर्वेक्षण, २०६८*

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ ।*

उक्त तालिका अनुसार परियोजना कार्य निर्माण गर्ने शिक्षक टि.पि.डी तालिम अप्राप्त भन्दा प्राप्तले बढीमात्रामा गरेको पाइयो । टि.पि.डी तालिम प्राप्त ६ जना शिक्षक

मध्ये ४ जना (६६.६७%) ले राम्रो निर्माण गर्ने गरेको, २ जना (३३.३३%) ले सामान्य निर्माण गर्ने गरेको र टि.पि.डी तालिम अप्राप्त ६ जनामध्ये १ जना (१६.६७%) ले राम्रो निर्माण गर्ने गरेको, २ जना (३३.३३%) ले सामान्य निर्माण गर्ने गरेको र ३ जना (५०%) ले निर्माण गर्ने नै नगरेको पाइयो । यसबाट तालिम अप्राप्तले पनि विद्यालयमा भएको ज्ञान र सीपको आदान प्रदान अन्तर्गत केहि न केहि कुराहरु विकास गरेको नै हुन्छ भन्ने देखिन्छ ।

तालिका १० : टिपिडी ले पारेका सकारात्मक प्रभावहरु

| प्रभावहरु | प्र.अ. ६ जना | वि.व्य.स. अध्यक्ष ६ जना | वि.नि. /श्रोत व्यक्ति ४ जना | विद्यार्थीहरु १२ जना | कूल उत्तरदाता २८ जना |
|---|---|---|---|---|---|
| बालमैत्री शिक्षण भएको | 4-66=67_ | 2-33=33_ | 2-50_ | 6-50_ | 14-50_ |
| शैक्षिक सामग्रीले सिकाइलाई सजिलो बनाएको | 3-50_ | 1-16=16_ | 3-75_ | 12-100_ | 19-67=85_ |
| शिक्षकहरुले योजना सहित कक्षा लिएको | 6-100_ | 4-66=67_ | 1-25_ | 9-75_ | 20-71=43_ |
| पठनपाठनमा नियमितता भै समयमा कोर्स सकिएको | 6-100_ | 4-66=67_ | 2-50_ | 8-66=67_ | 20-71=43_ |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६८ ।*

*(नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउछ )*

उपर्युक्त तालिकाको अध्ययनबाट के देखिन्छ भने नमूना छनौटमा परेका विद्यालयहरुको टिपिडी तालिमको सकारात्मक प्रभावहरु मध्ये बालमैत्री शिक्षण भएको भन्नेमा अध्यक्षहरु बाहेक बहुसंख्यक उत्तरदाताले समर्थन जनाउनु भएको पाइयो । शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सजिलो बनाएको भन्नेमा पनि अध्यक्षहरु बाहेक अधिकांश उत्तरदाताले सकारात्मक सोच राख्नु भएको पाइयो । शिक्षकले योजनासहित कक्षा संचालन गर्ने गरेको भन्नेमा पनि अधिकांश उत्तरदाताले समर्थन जनाउनु भएको पाइयो । त्यस्तै पठनपाठनमा नियमितता भै समयमा कोर्स सकिएको भन्नेमा प्राय: सबैले समर्थन जनाउनु भएको पाइयो ।

## ४.३ पेसागत विकास कार्यक्रम कार्यान्वयनका समस्याहरु

विद्यालयमा अध्ययन अध्यापन कार्यलाई सरल प्रभावकारी तथा उपलब्धिमूलक बनाउनको लागि विद्यालयको भौतिक, सामाजिक तथा शैक्षिक अवस्था सबल तथा सुदृढ हुन जरुरी हुन्छ । यस शीर्षक अन्तर्गत शोधकर्तााले छनोटमा परेका विद्यालयका टि.पी.डि. तालिम प्राप्त र अप्राप्त शिक्षक शिक्षिकाले विभिन्न बिषयहरुको शिक्षणमा विद्यालयको भौतिक मानवीय र शैक्षिक अवस्थालाई कसरी सदुपयोग गरी प्रभावकारी शिक्षण सिकाई गर्न सकेका छन् त्यसको तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ । छनोटमा परेका विद्यालयहरु सबै ग्रामीण क्षेत्रका छन । छनौटमा परेका विद्यालयहरु एउटा कालिका प्रा.वि. मा बाहेक सबैमा टि.पी.डि. तालिम प्राप्त र अप्राप्त दुवै थरीका शिक्षक शिक्षिकाहरु कार्यरत छन । छनोटमा परेका प्रायःसबै विद्यालयहरुको अवस्था उस्तै उस्तै नै छ । यी विद्यालयमा अध्ययनरत बालबालिकाहरु प्रायः जसो आदिवासी, मधेसी, जनजाती, दलित र पिछडिएको वर्गका छन । यहाँ अध्ययनरत शिक्षक शिक्षिकाहरु प्रायः जसो स्थानीय भाषा भाषी समुदायका नै छन । त्यसैले उनीहरुले साना बालबालिकालाई मातृभाषामा पठनपाठन गराउन संभव देखिएको छ । पेशागत विकास कार्याक्रम कार्यान्वयन देखिएका समस्याहरुलाई यस प्रकार व्याख्या गरिएको छ,

### ४.३.१ भौतिक व्यवस्थापन

नमूना छनोटमा परेका विद्यालयहरुको भौतिक व्यवस्थापन मध्यम खालको पाइयो । कक्षाकोठाको उपलब्धता, मात्रा र अवस्थालाई स्थलगत सर्वेक्षण गर्दा आधा जसो विद्यालयमा पर्याप्त देखिएतापनि सबैको गुणस्तर सन्तोषजनक देखिएन । फर्निचर व्यवस्थापन पनि केहि विद्यालयमा बाहेक धेरैमा कमजोर अवस्थामा पाइयो । अधिकांश विद्यालयमा पुस्तकालय छैन, भएकोमा समेत व्यवस्थित छैन । पुस्तकालय भएपनि त्यसमा पाठ्यपुस्तक, पाठ्यक्रम, शि.नि. तथा बिषय विस्तृतीकरण जस्ता आधारभूत सामग्री नभएको पाइयो ।

खानेपानीमा सामान्य टयूववेलको व्यवस्था मिलाएको मात्र पाइयो । स्वच्छ खानेपानीको अभाव नै देखियो । खेलमैदान धेरै विद्यालयमा भए पनि सबैमा उपयुक्त आकारको देखिएन । खेलमैदानको व्यवस्थापनमा पनि त्यति ध्यान पुगेको देखिएन । कार्यशाला भवन प्राय सबै विद्यालयमा व्यवस्थित गरी संचालन नगरिएको पाइयो । शौचालयको व्यवस्था सबै विद्यालयमा गरिएको छ । तर छात्र, छात्रा र स्टाफलाई अलग-अगल गरिएको अवस्था केही विद्यालयमा मात्र छ ।

स्थलगत अवलोकनको क्रममा विद्यालय निरीक्षक प्र.अ., वि.व्य.स. पदाधिकारीहरु र शिक्षक अभिभावक संघका पदाधिकारीहरु सँग लिइएको प्रतिक्रियाको आधारमा विद्यालयको भौतिक अवस्था कमजोर हुनका कारणहरुमा विद्यालयको आर्थिक स्थिति कमजोर, जनचेतनाको अभाव र आर्थिक हिनामिना भन्ने बुझिएको छ ।

### ४.३.२ शैक्षिक व्यवस्थापन

शिक्षण सिकाई प्रक्रियामा शैक्षिक सामग्रीलाई प्रभावकारी तवरबाट सिक्ने र सिकाउने साधनको रुपमा लिइन्छ । छनोट गरिएका विद्यालयहरुमा आधाभूत शैक्षिक सामग्री जस्तै पाठ्यक्रम, शिक्षक निर्देशिका, शब्दकोष, सन्दर्भ सामग्रीहरु र प्रदर्शन पाटीहरुको उपलब्धतालाई अवलोकन गर्दा बहुसंख्यक विद्यालयहरुमा उपलब्ध भएपनि तिीहरुको प्रयोगको अवस्था अत्यन्तै कमजोर देखियो ।

मूल्य नै नपर्ने र कम मूल्यमा खरिद गर्न सकिने शैक्षिक सामग्री समेत प्रायः सबै विद्यालयमा व्यवस्थित रुपमा संकलन, निर्माण, प्रयोग र संरक्षण गरेको अवस्थामा पाइएन । बढी मूल्य पर्ने सामग्रीहरु जस्तै, रेडियो, टेपरेकडर्र, क्यामेरा, सि.डी., कम्प्युटर, टि.भी. आदि केहि विद्यालयमा बाहेक अरु विद्यालयहरुमा व्यवस्थापन नभएको पाइयो । उपलब्ध भएका विद्यालयहरुमा समेत तिनीहरुलाई व्यवस्थित ढंगले शैक्षिक सामग्रीको रुपमा प्रयोग नगरेको पाइयो ।

### ४.३.३ मानवीय व्यवस्थापन

छनौटमा परेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुमा पुरुषको दाँजोमा महिला शिक्षिकाको संख्या निक्कै कम पाइयो । बहुसंख्यक शिक्षकहरुको योग्यता एस.एल.सी पास मात्र भएको र केहीको प्रविणता प्रमाणपत्र तह रहेको पाइयो भने सो भन्दा माथिल्लो

योग्यता भएका शिक्षक एक जनापनि नभएको पाइयो । यसरी न्यूनतम योग्यता भएका शिक्षकहरुबाट मात्र पठनपाठन गराउनु पर्ने अवस्था एउटा समस्याको रुपमा देखियो । छनौटमा परेका विद्यालयहरुका ज्येष्ठ शिक्षकहरुमा पठनपाठनमा खास गरी अंग्रेजी बिषयको अध्यापनमा गाह्रो मान्नु समस्या नै भएको पाइयो । सबै शिक्षक हरुले टि.पि.डी तालिम लिइ नसकेको अवस्था पनि अर्को समस्याको रुपमा देखिएको छ ।

### ४.३.४ विद्यालय निरीक्षण तथा अनुगमन

शिक्षा नियमावली अनुसार शिक्षा मन्त्रालयले क्षेत्रिय शिक्षा निर्देशनालयहरुको, क्षेत्रिय शिक्षा निर्देशनालयहरुले आफ्नो मातहतका प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुको, जिल्ला शिक्षा अधिकारीले आफ्नो जिल्ला अन्तर्गतका प्रत्येक विद्यालयहरुको, वि.नि., श्रोतव्यक्तिहरुले आफ्नो निरीक्षण क्षेत्र अन्तर्गतका प्रत्येक विद्यालयहरुको, वि.व्य.स. तथा शि.अ.स. ले आफ्नो विद्यालयको नियमित निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । साथै गाउँ शिक्षा समितिको व्यवस्था गरी गाविस अन्तर्गत संचालन हुने विद्यालयहरुको रेखदेख तथा संचालन र विद्यालय विद्यालय बीच समन्वय गर्ने व्यवस्था मिलाइएको छ ।

यसै सन्दर्भमा शोधकर्ताले नमुना विद्यालयहरुको शैक्षिक सत्र २०६७०६८ मा भएको निरीक्षण तथा अनुगमन सम्बन्धी तथ्याङ्क संकलन गरेको थियो । जो यस प्रकार छः

तालिका ११ : शैक्षिक सत्र २०६७०६८ मा विद्यालय निरीक्षण तथा अनुगमनको अवस्था :

| निरीक्षणकर्ता | विद्यालय संख्या | बारम्बारता |
|---|---|---|
| शिक्षा मन्त्रालय | – | – |
| क्षेत्रीय शिक्षा निर्देशनालय | 1-16=67_ | 1 |
| जि.शि.का | 2-33=33_ | 1 |
| वि.नि./श्रोतव्यक्ति | 6-100_ | 3 |
| गाउँ शिक्षा समिति | – | – |
| वि.व्य..स. | 6-100_ | 12 |
| शि.अ.स. | 6-100_ | 12 |
| अन्य | 2-33=33_ | 1 |

*श्रोत : विद्यालय सर्वेक्षण २०६८*

*नोट : कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँछ*

उपर्युक्त विवरणको आधारमा वि.व्य.स.,पि.टि.ए. , स्रोतव्यक्ति वि.नि बाट निरीक्षण अनुगमन प्रभावकारी रुपमा भएता पनि क्षे.शि.नि. मन्त्रालय विभाग तथा गाउँ शिक्षा समितिबाट प्रभावकारी अनुगमन निरिक्षण हुन सकेको छैन ।

## ४.४ शिक्षकको पेसागत विकासलाई प्रभावकारी बनाउने उपायहरु

### ४.४.१ भौतिक व्यवस्थापनको सुदृढीकरण

अधिकांश विद्यालयहरुको कक्षाकोठाको साइज उपयुक्त नदेखिएकोले अब निर्माण गर्ने कोठाहरु विद्यार्थी संख्याको आधारमा निर्माण गर्नुपर्छ । कक्षाकोठामा पर्याप्त हावा तथा प्रकाश छिर्ने व्यवस्था मिलाउनु पर्छ । फर्निचर व्यवस्था विद्यार्थीको संख्या तथा उमेर अनुसारको गर्नुपर्छ । साना विद्यार्थीको लागि अग्ला डेस्क, बेन्च देखिएकोले त्यसलाई यथाशिघ्र व्यवस्थित गर्नुपर्छ । प्रत्येक विद्यालयमा पुस्तकालय र प्रयोगशालाको व्यवस्था मिलाउनु पर्दछ ।

प्रत्येक विद्यालयमा पिउने पानीको व्यवस्था मिलाउनु पर्छ । प्रायः जसो विद्यालयहरुमा उपयुक्त खेलमैदानको व्यवस्था नभएकोले खेलमैदान तथा अतिरिक्त क्रियाकलाप संचालनको लागि त्यसको व्यवस्था मिलाउनु पर्छ । छात्र, छात्रा र शिक्षक स्टाफको लागि अलग अलग शौचालयको व्यवस्था मिलाउनु पर्छ ।

### ४.४.२ शैक्षिक सामग्रीको व्यवस्थापन

अध्ययन छनौटमा परेका अधिकांश विद्यालयहरुमा शैक्षिक सामग्रीको व्यवस्थापनमा त्यति ध्यान नपुगेकोले शिक्षण सिकाई अधुरो रहेको पाइएकोले विद्यालयहरुले विद्यार्थी तथा शिक्षक निर्मित मूल्य बिहिन वा कम मूल्यका शैक्षिक सामग्रीको प्रयोगमा विशेष ध्यान पुऱ्याउनु पर्छ । प्रत्येक कक्षामा शिक्षक प्रवेश गर्दा कुनै न कुनै शैक्षिक सामग्री लिएर जाने व्यवस्था मिलाउनु पर्छ । यसका लागि वि.व्य.स. तथा प्र.अ. ले आवश्यक पर्ने खर्च जुटाउनु पर्छ । केही प्राविधिक बिषयमा आवश्यक पर्ने बढी मुल्यका शैक्षिक सामग्री जस्तै माइक्रोस्कोप, प्रोजेक्टर, कम्प्युटर आदिको व्यवस्था अनिवार्य रुपमा गर्नु पर्छ । शैक्षिक

सामग्री निर्माण तथा संकलन गरेर मात्र हुँदैन, त्यसको उचित संरक्षण र प्रयोगको व्यवस्था समेत अनिवार्य रुपमा मिलाउनु पर्छ ।

### ४.४.३ विद्यालयमा योग्यतम शिक्षकको व्यवस्था

साना बालबालिकाको उचित संरक्षण र देखभालमा पुरुषको दाँजोमा महिला शिक्षकले बढी प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने भएकोले प्राथमिक खण्डमा बढी भन्दा बढी महिला शिक्षकको व्यवस्था मिलाउनु पर्छ । अधिकांश शिक्षकको योग्यता एस.एल.सी मात्र भएकोले अहिलेको बदलिंदो परिवेशमा अंग्रेजी, गणित जस्ता बिषयमा ती शिक्षकहरुले पढाउन नसक्ने अवस्था भएकोले ज्येष्ठ शिक्षकहरुलाई समुचित सेवा सुविधा उपलब्ध गराई निवृत्तिभरणको व्यवस्था मिलाई त्यस ठाउँमा योग्य भन्दा योग्य शिक्षकको व्यवस्थापनमा विद्यालयले ध्यान दिनु अनिवार्य छ ।

### ४.४.४ प्रभावकारी कक्षा अवलोकन र अनुगमन

कक्षा अवलोकनमा विशेष गरी प्र.अ. बढी जिम्मेवारी बन्नु पर्छ । वि.व्य.स. अध्यक्षले समेत कक्षा अवलोकनमा सहयोग पुऱ्याउनु जरुरी छ । विद्यालय निरीक्षक तथा श्रोतव्यक्तिले मासिक योजना बनाई विद्यालय निरीक्षणको कार्य अनिवार्य गर्नु पर्छ । बेलाबेलामा जि.शि.का., क्षे.शि.नि., मन्त्रालय, विभाग, प.नि.का. आदिबाट समेत छड्के जाँच निरीक्षणको व्यवस्था मिलाई राम्रो काम गर्नेलाई पुरस्कार र गल्ती गर्नेलाई दण्ड सजायको समेत व्यवस्था मिलाउनु पर्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

प्रत्येक शिक्षकका लागि तालिम अनिवार्य आवश्यकता हो । बिषयगत रुपमा परिपक्व, पेसागत रुपमा दक्ष शिक्षक नै प्रभावकारी शिक्षणको लागि उपयोगी हुने भएकाले दक्ष शिक्षकको उत्पादन गरी भरपर्दो सेवा प्रदान गर्नु शिक्षक तालिम कार्यक्रमको मूल लक्ष्य रहेको छ ।

वर्तमानमा लागू भैरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षकहरुलाई आफ्नो कार्य सम्पादनमा सदा दक्ष, प्रतिबद्ध र जवाफदेही तुल्याउन पेसागत गतिविधिमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षकको पेसागत विकास कार्यक्रम संचालित छ । शोधकर्ताले पनि अहिलेको सोही समसामयीक बिषयमा अध्ययन अनुसनधान गरेको छ ।

अध्ययन क्षेत्रका प्राथमिक तहका शिक्षकहरुको जम्मा संख्या २१३ जना रहेकोमा २०६८ सालको आषाढ सम्ममा प्रथम चरणको १० दिने टि.पि.डी. तालिम लिने शिक्षकको संख्या १४५ जना र त्यसको प्रतिशत ६८ रहेको पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरुको भौतिक व्यवस्थापन पक्ष (कक्षाकोठा, फर्निचर, पुस्तकालय, कार्यशाला, खानेपानी, खेलमैदान, शौचालय) अधिकांश विद्यालयहरुमा अपर्याप्त हुनका साथै सामान्य अवस्थामा रहेको पाइयो । अधिकांश शिक्षकहरु एस.एल.सी र प्रमाण पत्र तह उत्तिर्ण योग्यता भएका देखिए । त्यसभन्दा बढी योग्यता भएका शिक्षकहरु नभएको पाइयो । केहि विद्यालयहरुमा मात्र आधारभूत शैक्षिक सामग्री राम्रो अवस्थामा रहेको पाइयो । अधिकांश विद्यालयहरुमा आधारभूत शैक्षिक सामग्री नभएको र भए पनि अति सामान्य अवस्थामा रहेको पाइयो । वि.नि./श्रोतव्यक्तिबाट सतप्रतिशत विद्यालयहरुको निरीक्षण अनुगमन भएको पाइयो । तर क्षे.शि.नि. र मन्त्रालय, विभागको अनुगमन प्रभावकारी देखिएन ।

टि.पि.डी. तालिम प्राप्त ६७ % शिक्षकहरुले र टिपि.डी तालिम अप्राप्त १७ % शिक्षकहरुले दैनिक पाठ नोट तयार गरी अध्यापन गराउने गरेको देखियो । औपचारिक मूल्याङ्कन टिपिडी लिने र नलिने सबै शिक्षकहरुले गरेको पाइयो । तर अनौपचारिक मूल्याङ्कन चाहिं टिपिडी लिने मध्ये ५०% ले मात्र गरेको पाइयो भने टि.पि.डी. नलिने मध्ये १७% ले

मात्र अनौपचारिक मूल्याङ्कन गर्ने गरेको पाइयो । टिपिडी तालिम प्राप्त ६७% शिक्षकहरुले व्याख्यान विधिबाट शिक्षण गरेको पाइयो । टिपिडी तालिम अप्राप्त प्रायः सबैले व्याख्यान विधि नै प्रयोग गरेको पाइयो । परियोजना कार्य तालिम प्राप्त ६७% शिक्षकले निर्माण गरी अध्यापन गराउने गरेको पाइयो । तालिम अप्राप्त मध्ये कसै कसैले मात्र परियोजना कार्य निर्माण गरेको पाइयो । अध्ययन क्षेत्रका विद्यार्थीहरुको उपलब्धी सन्तोषजनक नरहेको पाइयो । कक्षा चढाउंदा उत्तारित गरी चढाउने गरेको पाइयो । टि.पि.डी. तालिम प्राप्त शिक्षकहरु मध्ये ८३% ले मात्र शिक्षण सुधार योजना निर्माण गरी कक्षा कोठामा र प्र.अ. कक्षमा टाँस गरेको पाइयो ।

तालिमबाट प्राप्त ज्ञान र सीपलाई शिक्षण व्यवहारमा लागू गर्न प्रभाव पार्ने तत्वहरुमा विद्यालयको भौतिक व्यवस्थापन कमजोर हुनु, शैक्षिक सामग्रीको अभाव, तालिम पश्चात अनुगमन र पृष्ठपोषणको कमी हुनु जस्ता तत्वहरु देखिए । तालिमबाट प्राप्त ज्ञान र सीपलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरी शिक्षण सिकाईमा सुधार ल्याउन सरोकारवालाहरुले दिएको सुझावहरुमा पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने, विद्यालयको भौतिक व्यवस्थापन सुदृढ बनाउनुपर्ने, नियमित निरीक्षण, अनुगमन गरिनु पर्ने र न्युनतम शैक्षिक सामग्रीको व्यवस्था मिलाइनु पर्ने जस्ता कुराहरु देखिए ।

## ५.२ निष्कर्ष

शैक्षिक बर्ष २०६७ देखि टिपिडी कार्यक्रम लागू भएको हुनाले २०६७ र २०६८ को उपलब्धी हेर्दा दादरवैरिया श्रोतकेन्द्रका ६८ % प्राथमिक शिक्षकहरुले यसको प्रथम चरणको १० दिने तालिम सम्पन्न गरेको देखिन्छ । टिपिडी तालिम चरण-चरणमा र खण्ड-खण्डमा संचालन हुने हुँदा यसले पूनर्ताजगीकरणमा सहयोग पुऱ्याउँछ ।

विद्यालयहरुको भौतिक व्यवस्थापन पक्षमा आर्थिक विपन्नताले मात्र असर गरेको छैन । अभिभावक, समितिहरु, शिक्षक तथा प्र.अ. को रचनात्मकताको समेत अभाव देखिन्छ । अध्ययन क्षेत्र आदिवासी, दलित तथा मधेशी समुदायको बाहुल्यता भएको क्षेत्र भएकोले परम्परागत पुरुष प्रधानताको प्रभावले गर्दा महिला शिक्षकका संख्या न्यून रहेको देखिन्छ । अध्ययन क्षेत्रको समुदायका अधिकांश व्यक्तिहरुमा योग्यता बढाउने भन्दा पनि न्युनतम योग्यता हासिल गरी जागिरमा प्रवेश गर्ने र त्यसपछि पनि योग्यता वृद्धि गर्ने तर्फ खासै

चासो नदेखाउने प्रवृत्ति पाइन्छ । त्यसैको प्रभावले अधिकांश प्राथमिक शिक्षकले न्युनतम शैक्षिक योग्यता मात्र हासिल गरेका छन् ।

विद्यालयमा आधारभूत शैक्षिक सामग्री जस्तैः पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, चित्र, नक्सा, ग्लोब आदि व्यवस्थापन गर्न प्र.अ. लगायत वि.व्य.स. ले खासै चासो नदिएको पाइन्छ । अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा खासगरी शिक्षित परिवारका बच्चा बच्चीको भर्ना न्युन मात्रामा हुने भएकाले कमजोर पृष्ठभूमि भएका बालबालिकाको सिकाई उपलब्धी सन्तोषजनक नरहेको पाइयो । क्षे.शि.नि. तथा जि.शि.का. बाट आफ्नो क्षेत्र अर्न्तगतका विद्यालयहरुको संख्या जनशक्तिको तुलनामा बढी भएकोले निरीक्षण तथा अनुगमनमा खासै ध्यान दिन सकेको देखिदैन तर वि.नि./श्रोतव्यक्तिबाट भने पर्याप्त अनुगमन, निरीक्षण र पृष्ठपोषण प्रदान गरेको देखिन्छ ।

टि.पि.डी. तालिमको कार्यान्वयनका क्रममा दैनिक पाठ नोट तयारी, परियोजना कार्य, शिक्षण विधि, शैक्षिक सामग्री निर्माण र औपचारिक तथा अनौपचारिक मूल्याङ्कन पद्धति सम्बन्धमा व्यापक छलफल र अभ्यास भएको हुनाले टि.पि.डी. तालिम लिने शिक्षकहरुले त्यसलाई अनुसरण गरेको पाइयो । टि.पि.डी तालिम नलिनेले पनि साथीहरुको अनुसरण गर्ने गरेको पाइयो । टि.पि.डी तालिमका बेलामा शिक्षण सुधार योजना निर्माण र त्यसलाई प्र.अ. कक्ष तथा कक्षाकोठामा टाँस गर्ने सम्बन्धमा व्यापक छलफल र अन्तरक्रिया भएतापनि त्यसको निरन्तर अनुगमन निरीक्षण गर्ने संयन्त्र निर्माण गर्न नसकिएकोले कार्यान्वयन पक्ष फितलो भएको पाइयो । तालिमबाट प्राप्त ज्ञान र सीपलाई शिक्षण व्यवहारमा लागू गर्ने क्रममा देखिएका समस्याहरुमा विद्यालयमा विद्यमान भौतिक साधन श्रोत तथा स्थानीय शैक्षिक सामग्रीलाई अधिकतम उपयोग गर्ने परिपाटीको अभाव रहेको देखियो ।

## ५.३. सुझावहरु

माथि प्रस्तुत गरिएका प्राप्ती तथा निष्कर्षको आधारमा टि.पि.डी तालिमलाई प्रभावकारी बनाउन निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ :

१. विद्यालयको भौतिक व्यवस्थापन पक्षलाई सुदृढ बनाउन जि.शि.का. लगायत विभिन्नसंघसंस्था सँग सरसहयोग लिनुका साथै वि.व्य.स.,प्र.अ. तथा शिक्षकहरुलाई भौतिक व्यवस्थापनसँग सम्बन्धित तालिम दिनुपर्छ ।

२. महिला शिक्षकबाट साना बालबालिकालाई विशेष देखभाल हुने भएकोले वि.व्य.स तथा प्र.अ. लाई विद्यालयमा महिला शिक्षिकाको संख्या बढाउने तर्फ सचेतना वृद्धि गर्नु पर्छ ।

३. विद्यालयका प्रत्येक शिक्षकलाई उनीहरुको शैक्षिक योग्यता वृद्धि गराउने तर्फ वि.व्य.स. ले विशेष योजना निर्माण गरी कार्यान्वयन गराउनु पर्छ ।

४. विद्यालयमा आधारभुत शैक्षिक सामग्रीको आवश्यकता प्रष्ट्याउन वि.व्य.स तथा प्र.अ. लाई सचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्छ ।

५. टि.पि.डी. तालिमबाट प्राप्त गरेका कक्षा व्यवस्थापन, शिक्षणको लागि पूर्व तयारी, शिक्षण सिकाई कृयाकलाप, शैक्षिक सामग्री निर्माण र संकलन, मूल्याङ्कन  पद्धति सम्बन्धी ज्ञान र सीपलाई वास्तविक शिक्षण व्यवहारमा लागू गर्न देखा पर्ने व्यवधानहरुको पहिचान गरी निदानको लागि उचित निकास खोजिनु पर्छ ।

६. विद्यालयमा अनुगमन र निरीक्षण संयन्त्र विकास गरी त्यसलाई कडाइका साथ लागू गरिनु पर्छ ।

७. विद्यार्थीहरुको उपलब्धी स्तर कमजोर देखिएकोले विद्यालयमा योग्य एवं दक्ष शिक्षकको व्यवस्थापनमा वि.व्य.स.लाई प्रोत्साहित गरिनु पर्छ ।

८. प्रत्येक शिक्षकलाई शिक्षण सुधार योजना निर्माण गर्न लगाई प्र.अ. कक्ष र कक्षा कोठाहरुमा टाँस्न लगाउनुपर्छ र त्यसको निरीक्षण/अनुगमन प्र.अ. तथा श्रोतव्यक्ति/वि.नि. बाट गरिनु पर्छ ।

९. विद्यालयमा स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग र त्यसको समूचित संरक्षणको प्रबन्ध मिलाउनु पर्छ ।

१०. प्रत्येक शिक्षकलाई आफूले पठन पाठनगर्ने बिषयमा घटीमा बर्षमा एउटा कार्यमूलक अनुसन्धान, एउटा घटना अध्ययन र एउटा परियोजना कार्य निर्माण गरी पठनपाठन गराउने परिपाटीको विकास गर्नु पर्दछ ।

११. जिल्लाले टि.पि.डी मोड्यूल निर्माण गर्दा विद्यालयका वास्तविक समस्याहरुमा आधारित भएर निर्माण तथा कार्यान्वयन गर्नु पर्छ ।

१२. टि.पि.डी कार्यक्रममा उत्कृष्ट हुने टि.पि.डी हबलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनु पर्छ ।